बैठक संख्या: १[illegible]/२०८०/०८१

मिति: २०८१/०२/०७

समय: बिहान ८:०० बजे

स्थान: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देबिलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

## बैठक सं. १३/०८०-८१ मिति २०८१/०२/०६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को बैठक संख्या १२ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ८ वटा निर्णयहरुमध्ये ७ वटा निर्णय नै कार्यान्वयन भएकाले सवै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

**निर्णय नं. ३:**

भूमे ग्रामिण आखाँ उपचार केन्द्र स्थापना सम्वन्धमा तपशिलको वमोजिमको निर्णय सर्वसम्मतीमा गरियो ।

क. यस भूमे गाउँपालिका र तिलगंगा आखाँ प्रतिष्ठान काठमाडौं बीच भूमे शहरी आँखा केन्द्र स्थापना र संचालननको लागि संम्झौतामापत्रमा उल्लेखित शर्त अनुसार दुवै पक्ष वीच सम्झौता गर्ने ।

ख. भूमे ग्रामीण आँखा उपचार केन्द्र स्थापना र संचालनको लागि हाललाई भूमे गाउँपालिका वडा नं २ मा रहेको भूमे गाउँकार्यपालिकाको कार्यालय परिसरभित्र कार्यालय राखी आखाँ उपचार शेवा प्रदान गर्न आवश्यक व्यवस्था भूमे गाउँकार्यापालिका,कार्यालयले गर्ने ।

ग. भूमे ग्रामीण आँखा उपचार केन्द्र संचालनको लागि सेवा करारको माध्ययमबाट तपशिल वमोजिमको जनशक्ति व्यवस्थापन गर्ने ।

**तपशिल,**

| क्र.सं. | पद | संख्या | पद | तह | सेवा | समुह | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | नेत्र सहायक | १ | नेत्र सहायक | सहायक पाँचौं | | | |
| २ | अप्टिकल फिटर | १ | अप्टिकल फिटर | श्रेणी विहिन | | | |

नोटः यसरी व्यवस्थापन गरिने जनशक्तीको लागि यस गाउँपालिको नियमानुसार पहिलो वर्ष ५०%, दोस्रो वर्ष ७० %, तेस्रो वर्ष ८० % र चौथो वर्ष देखिको सम्पुर्ण तलबभत्ता तथा सेवासुविधा भूमे गाउँकार्यपालिकाले उपलव्ध गराउने, यि वर्षसम्मको लागि वाँकी तलवभत्ता तथा सेवासुविधा तिलगंगा आंखा प्रतिष्ठान काठमाडौंले व्यहोर्ने ।

**निर्णयमा फरक मतको अभिले**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | फरक मत नरहेको | |

२०८१/०२/०६